नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७७-०३-३१ गते बिहान ०७ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

**आजको मापन अनुसार कन्काई, कोशी, कमला, बागमती, नारायणी, पश्चिम राप्ती, बबई, कर्णाली र महाकालीमा बहाव स्थिर छ र सतर्कता तह भन्दा तलै छ ।**

## बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज : असार ३१ (बुधबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी ,नारायणी,कर्णाली , महाकाली र यसका सहायक नदीमा सामान्य घटबढ हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, तिनाउ, बबई लगायतमा बहाव सामान्य घटबढ हुने तर सतर्कता तलै हुने । आज कन्काई ,बागमती, तिनाउ, पश्चिम राप्ती र बबईका केहि स-साना सहायक नदीमा बहाव तुल्नात्मक रूपमा बढ्ने र केहिमा आकस्मिक बहाव हुने न्यून संभावना रहेको छ ।
- आज देशका तराई र चुर भई बहने स-साना नदीमा बहाव सामान्य रहने तथा मध्यपहाडी भु-भाग भई बहने स-साना नदीमा बहाव केहि बढ्ने तर सतर्कता भन्दा तलै हुने ।
- आज उदयपुर, सिन्धुली, मकवानपुर, सप्तरी, काभ्रेपलाञ्चोक, का.उपत्यका, नुवाकोट, गोरखा, लमजुङ ,पाल्पा , दाङ, रोल्पा, सल्ल्यान, रोल्पा, रूकुम, कैलाली, कञ्चनपुर, सुर्खेत, दैलेख, जाजरकोट, डडलेधुरा, बैतडी दार्चुला भई बहने स-साना नदीमा आकस्मिक बहावको न्यून संभावना रहेको छ ।

पूर्वानुमान भोलि श्रावण ०१ (बिहिबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- भोली पनि कोशी,नारायणी,कर्णाली, महाकाली र यसका सहायक नदीमा सामान्य घटबढ हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- भोलि कन्काई, कमला, बागमती, बबई, पश्चिम राप्ती लगायतमा बहाव सामान्य बढ्ने तर सतर्कता तलै हुने ।
- भोलि देशका तराई र चुरेबाट बहने साना नदीमा बहाव सामान्य रहने, बागमती, गण्डकी, प्रदेश ५, कर्णाली र सुदुरपश्चिम प्रदेशको मध्यपहाडी भु-भाग भई बहने स-साना नदीमा बहाव बढ्ने र सुदूरपश्चिम प्रदेश भई बहने केहि स-साना नदीमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान छ ।

पूर्वानुमान पर्सी : श्रावण ०२ (शुक्रबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी,नारायणी कर्णाली,महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घट्ने तथा सतर्कता तह भन्दा तलै हुने पुर्वानुमान छ।
- पर्सी कन्काई, कमला,बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाव केहि घट्ने तथा सवैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- पर्सी देशैभरका स-साना नदीमा पनि बहाव सामान्य घटबढ हुने पूर्वानुमान छ ।

**सरोकारवालाका लागि परामर्श (Advisory):**

- आगामी ३ दिन प्रमूख नदीहरू कोशी, नारायणी, कर्णाली र महाकालीमा बहाव सामान्य घटबढ मात्र हुने भएकाले ठुलो बाढीको जोखिम छैन , तटिय क्षेत्रका कार्यहरू उच्च सतर्कता साथ गर्न सकिनेछ ।
- आगामी ३ दिन मझौला नदीहरू कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई मा बहाव सतर्कता तलै हुने तर यसका केहि स-साना सहायक नदीमा बहाव कुनैपनि बेला एक्कासी बढ्न सक्ने भएकाले साना नदीतटिय क्षेत्रका कृयाकलाप गर्दा सतर्कता अपनाईराखौ ।
- आज,भोलि र पर्सी देशका अन्य साना नदीमा बहाव सामान्य रहने पुर्वानुमान रहेतापनि स-साना नदी जलाधारमा क्षणिक मध्ययम बर्षा भई आकस्मिक बहाव हुन सक्ने संभावना हुने भएकाले सो को अपडेट केहि घण्टा अगाडी मात्र Facebook page र Twitter page मा पोष्ट हुने भएकाले उक्त पेजबाट जानका लिनहुन अनुरोध छ ।
- (*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।

नोट: पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ ।

## *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग

**मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)**
(जारी मिति: २०७७-०३-३१, बिहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**

हाल नेपालभर मनसुनी वायु को प्रभाव छ । साथै मनसूनी न्युन चापीय रेखा नेपालको तराई भूभाग बाट केहि दक्षिण तिर सरेको छ।

**हालको मौसमको अवस्था (Present Weather Status):**

देशभर आँशिक देखि सामान्य बदली रही गण्डकी प्रदेश, प्रदेश १, प्रदेश ५, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका थोरै स्थानहरुमा हल्का वर्षा भईरहेको छ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**असार ३१ गते (बुधबार)**

**दिउँसो:** देशभर आँशिक देखि सामान्य बदली रही केहि स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश ५ र सुदुर पश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**राती:** देशभर देशभर सामान्य बदली रही केहि स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, गण्डकी प्रदेश , कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**साउन १ गते (बिहिबार)**

**दिउँसो:** देशभर आँशिक देखि सामान्य बदली रही केहि स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशका एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**राती:** देशभर देशभर सामान्य बदली रही केहि स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २, प्रदेश ५, गण्डकी प्रदेश र सुदुर पश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**साउन २ गते (शुक्रबार)**

**दिउँसो:** देशभर सामान्य बदली रही केहि स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । गण्डकी प्रदेश र कर्णाली प्रदेशका एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**राती:** देशभर देशभर सामान्य बदली रही केहि स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश र सुदुर पश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product:*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*

5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 3 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal): Rainfall Forecast for 24 Hour*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: www.hydrology.gov.np लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।